# १. आर्थिक गतिविधि

## विश्व अर्थतन्त्र

१.१ विश्वको आर्थिक वृद्धिदर सन् २००७ मा ४.९ प्रतिशत रहेको छ । विश्व अर्थतन्त्रमा शिथिलताको क्रमसँगै सन् २००८ मा ३.७ प्रतिशत र सन् २००९ मा ३.८ प्रतिशतको आर्थिक वृद्धिदर रहने प्रक्षेपण छ। विश्वको आर्थिक वृद्धिदर सन् २००० मा ४.७ प्रतिशत रहेकोमा त्यसपछि घट्न गई सन् २००१ मा २.२ प्रतिशत र सन् २००२ मा २.८ प्रतिशतमा सीमित रहेको थियो । त्यसपछिका वर्षहरुमा आर्थिक विस्तारको क्रमसँगै सन् २००३ मा ३.६ प्रतिशत, सन् २००४ मा ४.९ प्रतिशत र सन् २००५ मा ४.४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएको थियो । सन् २००६ मा विश्वको आर्थिक वृद्धिदरमा उत्साहजनक विस्तार भई ५.० प्रतिशत पुगेकोमा सन् २००७ को उत्तरार्द्धदेखि संयुक्त राज्य अमेरिकामा देखिएको आवास क्षेत्रको कमसल कर्जा संकट (sub-prime mortgage crisis) को कारण उत्पन्न वित्तीय समस्याको प्रभावको रुपमा विश्वको आर्थिक विस्तारमा सुस्ती देखिएको हो । विकसित अर्थतन्त्रहरुको प्रति व्यक्ति आय सन् २००७ मा २.१ प्रतिशतले बढेकोमा सन् २००८ तथा सन् २००९ दुवै वर्षहरुमा ०.८ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ। त्यस्तै, विकासोन्मुख अर्थतन्त्रहरुको प्रति व्यक्ति आय सन् २००७ मा ६.६ प्रतिशतले बढेकोमा सन् २००८ तथा सन् २००९ दुवै वर्षहरुमा ५.४ प्रतिशतले बढ्ने प्रक्षेपण छ ।

तालिका १ (क) : विश्वको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००५ | २००६ | २००७ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००८ | २००९ |
| *विश्वको उत्पादन* | ४.४ | ५.० | ४.९ | ३.७ | ३.८ |
| *विकसित अर्थतन्त्रहरु* | २.६ | ३.० | २.७ | १.३ | १.३ |
| *प्रमुख विकसित अर्थतन्त्रहरु* | २.३ | २.७ | २.२ | ०.९ | ०.९ |
| *अन्य विकसित अर्थतन्त्रहरु* | ३.२ | ३.८ | ३.९ | २.५ | २.७ |
| *विकासोन्मुख अर्थतन्त्रहरु* | ७.१ | ७.८ | ७.९ | ६.७ | ६.६ |
| *विकासोन्मुख एसिया* | ९.० | ९.६ | ९.७ | ८.२ | ८.४ |
| *नवोदित युरोपेली मुलुकहरु* | ५.६ | ६.७ | ५.८ | ४.४ | ४.३ |
| *अफ्रिकी मुलुकहरु* | ५.७ | ५.९ | ६.२ | ६.३ | ६.४ |
| *मध्यपूर्वका मुलुकहरु* | ५.७ | ५.८ | ५.८ | ६.१ | ६.१ |
| *पेट्रोलियम पदार्थ निर्यातक मध्यपूर्वका एसियाली मुलुकहरु* | ५.६ | ५.८ | ५.६ | ६.० | ५.९ |
| *नवोदित एसिया* | ८.७ | ८.९ | ९.१ | ७.५ | ७.८ |
| *नव-औद्योगिक एसियाली अर्थतन्त्रहरु* | ४.८ | ५.६ | ५.६ | ४.० | ४.४ |
| *आसियान-५* | ५.१ | ५.७ | ६.३ | ५.८ | ६.० |
| *प्रति व्यक्ति आय* | | | | | |
| *विकसित अर्थतन्त्रहरु* | १.९ | २.४ | २.१ | ०.८ | ०.८ |
| *विकासोन्मुख अर्थतन्त्रहरु* | ५.८ | ६.५ | ६.६ | ५.४ | ५.४ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य (World Economic Outlook), वासिङ्गटन डि.सी., अप्रिल २००८

१.२ संयुक्त राज्य अमेरिकाको आर्थिक वृद्धिदर सन् २००४ को ३.६ प्रतिशतबाट घट्दै सन् २००७ मा २.२ प्रतिशत पुगेकोमा उपरोक्त वित्तीय समस्याको कारण सन् २००८ मा ०.५ प्रतिशत र सन् २००९ मा ०.६ प्रतिशत मात्र आर्थिक वृद्धिदर रहने प्रक्षेपण छ। अमेरिकी अर्थतन्त्रको शिथिलताको प्रभाव व्यापार तथा वित्तीय क्षेत्रका माध्यमबाट अन्य विकसित मुलुकहरुमा समेत पर्न गई विश्व अर्थतन्त्रको विस्तारमा उपरोक्त बमोजिम कमी आउने प्रक्षेपण रहेको हो। विकसित अर्थतन्त्रहरुको यस प्रवृत्तिबाट उदीयमान एवम् विकासोन्मुख मुलुकहरु समेत पृथक रहन नसक्ने देखिएको छ। आफ्नो अर्थतन्त्रलाई आर्थिक सुस्तीबाट उठाउन संयुक्त राज्य अमेरिकाले प्रमुख समष्टिगत आर्थिक नीति (मौद्रिक नीति र सरकारी वित्त नीति) का उपकरणहरुको सक्रिय अभ्यास जारी राखेको छ। यसैक्रममा सन् २००८ को जनवरीमा अमेरिकाले १ सय ५० अरब डलरको वित्तीय उत्प्रेरक (fiscal stimulus) प्याकेज सार्वजनिक गर्‍यो भने अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भले सन् २००७ को सेप्टेम्बरको पूर्वार्द्धमा ५.० प्रतिशत भन्दा माथि रहेको बैंकदरलाई घटाउदै सन् २००८ को अप्रिलमा २.० प्रतिशतसम्म पुर्‍याइसकेको छ।

१.३ सन् २००८ मा विश्व व्यापारको वृद्धिदरमा केही कमी आउने अनुमान छ। सन् २००७ मा ६.८ प्रतिशतले बढेको विश्व व्यापार सन् २००८ मा ५.६ प्रतिशत तथा सन् २००९ मा ५.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ। संयुक्त राज्य अमेरिकाले सामना गरेको असहज आर्थिक स्थितिका कारण विश्व व्यापारमा कमी आउने प्रक्षेपण रहेको हो।

**तालिका १ (ख) : विश्व व्यापार**
(वार्षिक प्रतिशत परिवर्तन)

| | २००५ | २००६ | २००७ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००८ | २००९ |
| *विश्वको व्यापार आयतन (वस्तु र सेवा)* | ७.६ | ९.२ | ६.८ | ५.६ | ५.८ |
| *आयात* | | | | | |
| *विकसित अर्थतन्त्रहरु* | ६.३ | ७.४ | ४.२ | ३.१ | ३.७ |
| *विकासोन्मुख अर्थतन्त्रहरु* | १२.० | १४.४ | १२.८ | ११.८ | १०.७ |
| *निर्यात* | | | | | |
| *विकसित अर्थतन्त्रहरु* | ६.० | ८.२ | ५.८ | ४.५ | ४.२ |
| *विकासोन्मुख अर्थतन्त्रहरु* | ११.१ | १०.९ | ८.९ | ७.१ | ८.७ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य (World Economic Outlook), वासिङ्गटन डि.सी., अप्रिल २००८

१.४ विश्वको आर्थिक वृद्धिदर तथा व्यापारमा देखिएको शिथिलतासँगै खासगरी हालका महिनाहरुमा भएको कच्चा तेलको उच्च मूल्य वृद्धि तथा विकासोन्मुख मुलुकहरुमा अनुभूत हुँदै गएको खाद्य संकटको कारण मूल्य स्थितिमा थप चाप पर्दै गएको छ। विकसित मुलुकहरुको मुद्रास्फीति दर सन् २००७ मा २.२ प्रतिशत रहेकोमा सन् २००८ मा २.६ प्रतिशत रहने अनुमान छ। विकासोन्मुख मुलुकहरुमा मुद्रास्फीति दर सन् २००७ को ६.४ प्रतिशतबाट बढेर सन् २००८ मा ७.४ प्रतिशत पुग्ने प्रक्षेपण छ। मूलतः विकासोन्मुख अर्थतन्त्रहहरुको मागमा आएको निरन्तर विस्तारसँगै खाद्यान्न

तथा ऊर्जाजन्य वस्तुहरुको मूल्य वृद्धि भई विश्वका अधिकांश मुलुकहरुमा मुद्रास्फीति बढेको हो ।

१.५ विश्वको वित्तीय बजारमा उत्पन्न अस्थिरता, विश्व अर्थतन्त्रको विस्तारमा कमी, खाद्यान्न तथा पेट्रोलियम पदार्थको उच्च मूल्य वृद्धि लगायत बढ्दो विश्वव्यापी असन्तुलन जस्ता पक्षहरु विश्व अर्थतन्त्रका लागि प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

**तालिका १ (ग) : विश्वको मूल्य स्थिति**
(वार्षिक प्रतिशत परिवर्तन)

| | २००५ | २००६ | २००७ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००८ | २००९ |
| *पेट्रोलियम पदार्थ* **(oil)** * | ४१.३ | २०.५ | १०.७ | ३४.३ | -१.० |
| *गैर-इन्धन* **(non-fuel)** *वस्तुहरु* | ६.१ | २३.२ | १४.० | ७.० | -४.९ |
| *उपभोक्ता मूल्य* | | | | | |
| *विकसित अर्थतन्त्रहरु* | २.३ | २.४ | २.२ | २.६ | २.० |
| *विकासोन्मुख अर्थतन्त्रहरु* | ५.७ | ५.४ | ६.४ | ७.४ | ५.७ |
| *विकासोन्मुख एसिया* | ३.८ | ४.१ | ५.३ | ५.९ | ४.१ |
| *नवोदित युरोपेली मुलुकहरु* | ४.९ | ५.४ | ५.७ | ६.४ | ४.३ |
| *अफ्रिकी मुलुकहरु* | ५.१ | ५.४ | ५.६ | ६.४ | ४.३ |
| *मध्यपूर्वका मुलुकहरु* | ६.२ | ७.० | १०.४ | ११.५ | १०.० |
| *पेट्रोलियम पदार्थ निर्यातक मुलुकहरु* | ६.७ | ७.६ | १०.५ | १२.२ | १०.४ |
| *नवोदित एसिया* | ३.५ | ३.७ | ४.८ | ५.५ | ३.९ |
| *नव-औद्योगिक एसियाली अर्थतन्त्रहरु* | २.२ | १.६ | २.२ | ३.० | २.७ |
| *आसियान-५* | ७.३ | ८.१ | ४.५ | ६.१ | ४.७ |
| *चीन* | १.८ | १.५ | ४.८ | ५.९ | ३.६ |
| *दक्षिण एसिया* | ५.० | ६.५ | ६.९ | ५.९ | ४.७ |
| *बंगलादेश* | ७.० | ६.५ | ८.४ | ९.३ | ८.१ |
| *भुटान* | ५.३ | ५.० | ४.९ | ४.७ | ४.३ |
| *भारत* | ४.२ | ६.२ | ६.४ | ५.२ | ४.० |
| *माल्दिब्स* | ३.३ | ३.७ | ५.० | ६.० | ६.० |
| *नेपाल* | ४.५ | ८.० | ६.४ | ६.४ | ४.९ |
| *पाकिस्तान* | ९.३ | ७.९ | ७.८ | ८.५ | ७.५ |
| *श्रीलका* | १.६ | ९.५ | १९.७ | ११.५ | ९.० |

* संयुक्त अधिराज्यको ब्रेन्ट, दुवइ र पश्चिम टेक्सासको कच्चा पेट्रोलियम पदार्थको औसत मूल्य
स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य (World Economic Outlook), वासिङ्गटन डि.सी., अप्रिल २००८

## छिमेकी अर्थतन्त्रहरु

१.६ नेपालका दुई ठूला छिमेकी मुलुकहरु भारत तथा चीनको आर्थिक वृद्धिदर सन् २००७ मा पनि उत्साहजनक रहयो । यस वर्ष यी मुलुकहरुले क्रमश: ९.२ प्रतिशत र ११.४ प्रतिशत आर्थिक वृद्धिदर हाँसिल गरे । यद्यपि सन् २००८ मा यी दुबै मुलुकहरुको वृद्धिदरमा केही कमी आई भारतले ७.९ प्रतिशत र चीनले ९.३ प्रतिशत आर्थिक वृद्धिदर हाँसिल गर्ने प्रक्षेपण रहेको छ । भारत र चीनको उत्साहजनक आर्थिक

समृद्धिबाट नेपालले पाठ सिक्ने मात्र होइन उपलब्ध अवसरहरुको सदुपयोग गर्दै लाभ समेत लिन सक्नु पर्दछ। बिगत केही वर्ष यता दक्षिण एसियाका अन्य मुलुकहरुको तुलनामा समेत नेपालको आर्थिक वृद्धिदर न्यून रहेको छ। छिमेकी मुलुकहरुको तुलनामा नेपालको प्रति व्यक्ति राष्ट्रिय आय (GNI per capita) पनि न्यून छ ।

**तालिका १ (घ) : छिमेकी अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर**
(वार्षिक प्रतिशत परिवर्तन)

| | १९९०-९९ | २०००-०४ | २००५ | २००६ | २००७ | प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २००८ | २००९ |
| *चीन* | ९.९ | ९.२ | १०.४ | ११.१ | ११.४ | ९.३ | ९.५ |
| *दक्षिण एसिया* | | | ८.६ | ९.१ | ८.६ | ७.५ | ७.७ |
| *अफगानिस्तान* | | | १६.४ | ६.१ | १२.४ | ८.६ | ८.४ |
| *बंगलादेश* | ४.८ | ५.४ | ६.३ | ६.४ | ५.६ | ५.५ | ६.५ |
| *भुटान* | ५.६ | ७.८ | ६.९ | ११.० | २२.४ | ७.८ | ६.७ |
| *भारत* | ५.६ | ५.७ | ९.१ | ९.७ | ९.२ | ७.९ | ८.० |
| *माल्दिब्स* | ६.५ | ६.६ | -४.५ | १९.१ | ६.६ | ४.५ | ४.० |
| *नेपाल* | ४.९ | ४.१ | ३.१ | २.८ | २.५ | ४.० | ४.५ |
| *पाकिस्तान* | ४.० | ४.३ | ७.७ | ६.९ | ६.४ | ६.० | ६.७ |
| *श्रीलंका* | ५.२ | ४.० | ६.० | ७.४ | ६.३ | ६.४ | ५.६ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, वासिङ्गटन डि.सी., अप्रिल २००८

**तालिका १ (ङ) : प्रति व्यक्ति राष्ट्रिय आय**
(सन् २००६)

| | *(अमेरिकी डलरमा)* |
|---|---|
| *चीन* | २००० |
| *सार्क मुलुकहरु* | |
| *अफगानिस्तान* | .... |
| *बंगलादेश* | ४५० |
| *भुटान* | १४३० |
| *भारत* | ८२० |
| *माल्दिब्स* | ३०१० |
| *नेपाल* | ३२० |
| *पाकिस्तान* | ८०० |
| *श्रीलंका* | १३१० |

स्रोतः विश्व बैंकको वेब साइट (www..worldbank.org, World Development Indicators database, विश्व बैंक, अप्रिल ११, २००८)

## मानव विकास सूचकांकमा नेपाल

१.७ संयुक्त राष्ट्र संघले सार्वजनिक गरेको सन् २००७ को मानब विकास प्रतिवेदनमा नेपालको स्थान धेरै पछाडि रहेको उल्लेख छ। विश्वका १ सय ७७ मुलुकहरुको मानब विकास सूचकाङ्क तुलना गरिएको उक्त प्रतिवेदनमा नेपाल १ सय ४२ सौं स्थानमा छ भने सार्क राष्ट्रहरुमा पनि नेपाल सबैभन्दा पछाडि छ। शिक्षा, स्वास्थ्य र प्रति व्यक्ति आयको समष्टिगत मापकको रुपमा प्रयोग गरिने उक्त परिसूचकले आर्थिक विकासको आधुनिक अवधारणालाई प्रतिबिम्बित गर्दछ। यस अर्थमा नेपाल न्यून आर्थिक वृद्धिदरबाट मात्र नभएर विकासको महत्वपूर्ण आयाम समग्र मानब विकासका क्षेत्रमा पनि पछाडि परेको छ।

**तालिका १ (च) : मानव विकासको अवस्था**

(सन् २००५)

| | *मानब विकास सूचकाङ्कमा स्थान* |
|---|---|
| *चीन* | ८१ |
| *सार्क मुलुकहरु* | |
| *श्रीलंका* | ९९ |
| *माल्दिब्स* | १०० |
| *भारत* | १२८ |
| *भुटान* | १३३ |
| *पाकिस्तान* | १३६ |
| *बंगलादेश* | १४० |
| *नेपाल* | १४२ |
| *अफगानिस्तान* | …… |

**मञ्जुषा १ (क) : आर्थिक वृद्धिका लागि सरकारी भूमिका**

आर्थिक वृद्धिका लागि (क) सरकार, (ख) संस्कृति एवम् (घ) भूगोल, वातावरण तथा प्राकृतिक सम्पदालाई आधार स्तम्भका रुपमा हेरिएको हुन्छ। अर्थशास्त्रीहरु बजार असफलता (market failure) का कारण अर्थतन्त्रमा सरकारी भूमिकाको आवश्यकता उल्लेख गर्दछन्। यसर्थ अर्थतन्त्रमा सरकारी भूमिका मूलतः निम्न कारणहरुले आवश्यक पर्दछ :

(क) सार्वजनिक वस्तु (public goods) जस्तै कानुनी शासन, प्रभावकारी नियमन र भौतिक पूर्वाधारको प्रवन्ध।

(ख) वाह्यता (externalities) जस्तै शिक्षा, स्वास्थ्य, अनुसन्धानमा गरिएको लगानीले पार्ने प्रत्यक्ष र परोक्ष सकारात्मक प्रभाव तथा प्रदुषण आदिले पार्ने नकारात्मक प्रभावको व्यवस्थापन।

(ग) एकाधिकारवादको नियन्त्रण तथा नियमन, र

(घ) निजी क्षेत्रमा सिर्जित हुन सक्ने प्रभावकारी समन्वयको अभावको व्यवस्थापन।

पाँच दशक पूर्व शिक्षा, स्वास्थ्य, प्रति व्यक्ति आय र प्राकृतिक सम्पदाको उपलब्धताका दृष्टिकोणले आफ्ना छिमेकीहरुसँग समानस्तरमा रहेका विश्वका कतिपय मुलुकहरु सरकारी भूमिकाका कारण आर्थिक विकासको क्षेत्रमा कायापलट गर्न समर्थ भएका छन्। सरकारी

भूमिकाको प्रभावकारिता र गुणात्मकताबाट अल्प अवधिमै आर्थिक विकासका क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल गर्न सकिन्छ भन्ने उदाहरण श्रीलङ्का, वोट्सवाना, चीन र दक्षिण अफ्रिका जस्ता मुलुकहरुले प्रस्तुत गरेका छन्। UNDP को मानव विकास प्रतिवेदन, २००३ का अनुसार श्रीलङ्काले सन् १९४६ देखि १९५३ को आठ-वर्षे अवधिमै आफ्ना नागरिकहरुको औसत आयु ४६ वर्षबाट ५८ वर्ष पुऱ्याएको थियो भने वोट्सवानाले सन् १९७० देखि १९८५ को १५-वर्षे अवधिमै प्राथमिक विद्यालय भर्नादरलाई ४६ प्रतिशतबाट ८९ प्रतिशत पुऱ्याएको थियो। सन् १९९० को एक दशकमै चीनले गरिबी दर ३३ प्रतिशतबाट घटाएर १८ प्रतिशतमा झार्न समर्थ भयो भने दक्षिण अफ्रिकाले सन् १९९७ देखि २००१ को अत्यन्त छोटो अवधिमै शुद्ध पिउने पानीको पहुँच नभएका १ करोड ५० लाख जनसंख्यालाई ७० लाखमा ओराल्न सफल भएको थियो।

उपर्युक्त सैद्धान्तिक आधार र उदाहरणहरुलाई आत्मसात् गर्दै परिवर्तित परिस्थितिमा उच्च आर्थिक वृद्धिदर हासिल गर्न अन्य मुलुकको अनुभवबाट समेत सिक्दै दूरदर्शी दृष्टिकोण (Vision) सहितको प्रभावकारी राज्य संयन्त्र निर्माण गर्नु नेपालको पनि आवश्यकता हो।

स्रोतः David N. Weil, Economic Growth (2005) तथा UNDP Human Development Report (2003)

## राष्ट्रिय आर्थिक गतिविधि

१.८ आर्थिक वर्ष २०६४/६५ देखि आर्थिक वर्ष २०६६/६७ सम्मको तीन-वर्षीय अवधिको लागि २०६४ मंसिरमा नेपाल सरकारले अन्तरिम योजना सार्वजनिक गरेको छ। समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक, सामाजिक रुपान्तरणको आधार तय गर्नु अन्तरिम योजनाको प्रमुख लक्ष्य रहेको छ। यसैगरी, देशमा विद्यमान बेरोजगारी, गरिबी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु अन्तरिम योजनाको प्रमुख उद्देश्य रहेको छ।

**मञ्जुषा १ (ख) : तीन-वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७)**

अन्तरिम योजनाको लागि आर्थिक वृद्धिदरको लक्ष्य वार्षिक औसत ५.५ प्रतिशत निर्धारण गरिएको छ र यसको परिणाम स्वरुप प्रति व्यक्ति आयमा ३.३ प्रतिशतले वृद्धि हासिल गर्ने लक्ष्य लिइएको छ। कुल आर्थिक वृद्धि मध्ये कृषि क्षेत्रतर्फ ३.६ प्रतिशत र गैर-कृषि क्षेत्रतर्फ ६.५ प्रतिशतको वृद्धि हुने अपेक्षा गरिएको छ। योजनामा उल्लेखित आर्थिक वृद्धिदर हासिल गर्न क्षेत्रगत लगानीको बाँडफाँडका निम्न आधारहरु तय गरिएका छन् :

१. द्वन्द्व पश्चात्को स्थितिलाई ध्यानमा राखी पुनर्निर्माण, पुनर्स्थापना र समावेशीकरणमा साधनको विनियोजनमा प्राथमिकता दिइने।
२. फराकिलो आधार भएको समावेशी एवम् दिगो विकासमा सहयोग पुऱ्याउने प्राथमिकताका क्षेत्रहरुमा लगानी बढाइने तथा सरकारी लगानी पूर्वाधार विकासतर्फ बढी केन्द्रित गर्ने।
३. कृषि विकासतर्फ कृषि सडक, कृषि ऋण, अनुसन्धान तथा प्रविधि प्रसार, सिँचाइ, ग्रामीण विद्युतीकरण र बजार संयन्त्रको विकासमा विशेष ध्यान दिइने।
४. पिछडिएका भौगोलिक क्षेत्र, जाति, जनजाति, महिला, अपाङ्ग, जेठ नागरिक र मधेशी समुदायलाई विकासको प्रक्रिया र प्रतिफलमा सहभागी गराउने।

५. गरिब तथा सीमान्त समूहको आय वृद्धि तथा सशक्तिकरणका कार्यक्रमहरुलाई विशेष जोड दिई गरिबी निवारण र आर्थिक वृद्धिमा ठोस योगदान पुऱ्याउने ।

६. सरकार संलग्न रहेको तर निजी क्षेत्र संलग्न हुन सक्ने क्षेत्रहरु खासगरी विद्युत्, सूचना तथा सञ्चार, ग्रामीण ऊर्जा र सडक आदिमा निजी क्षेत्रको लगानी वृद्धि गर्नेतर्फ जोड दिइने ।

७. सरकार प्रति जनविश्वास वृद्धि गर्न र रोजगारीका अवसरहरु सृजना गर्न केही ठूला आयोजनाहरुमा लगानी गर्ने र स्थानीय स्तरमा समुदायद्वारा पहिचान गरिएका र व्यवस्थापन गर्न सकिने बहुसंख्यक आयोजनाहरु कार्यान्वयन गरी जनसहभागिता, स्वामित्वभाव तथा रोजगारी बढाउने ।

स्रोतः तीन-वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७)

१.९ केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०५७/५८ लाई आधार वर्ष कायम गरी आर्थिक वर्ष २०६३/६४ देखि राष्ट्रिय लेखा तथ्याङ्कको नयाँ श्रृंखला तयार पारेको हो। राष्ट्रिय लेखाका यी आंकडाहरू अन्तर्राष्ट्रियरुपमा हाल प्रचलित राष्ट्रिय लेखा प्रणाली (System of National Accounts, 1993) को अवधारणामा आधारित छन् । आर्थिक वर्ष २०६४/६५ का लागि तयार गरिएका प्रारम्भिक अनुमानहरू आर्थिक वर्षको ६ देखि ९ महिनासम्मको अवधिका बिबिध आर्थिक क्षेत्रहरुबाट प्राप्त तथ्याङ्कमा आधारित छन् ।

**मञ्जुषा १ (ग) : राष्ट्रिय लेखा तथ्याङ्कको नयाँ श्रृङ्खला**

आर्थिक वर्ष २०५७/५८ लाई नयाँ आधार वर्ष कायम गरी राष्ट्रिय लेखा तथ्याङ्कको नयाँ श्रृँखला गत आर्थिक वर्षदेखि तयार पारिएको हो । नेपालका प्रमुख गणनाहरू जस्तै जनगणना, कृषि गणना तथा औद्योगिक गणनाहरू आर्थिक वर्ष २०५७/५८ को नजिक रहेको र अन्तर्राष्ट्रियरूपमा तथ्याङ्कको तुलना गर्नका लागि समेत यो आधार वर्ष उपयोगी हुने देखिएकोले नयाँ श्रृँखलाको आधार वर्ष आर्थिक वर्ष २०५७/५८ कायम गरिएको हो । नेपालको राष्ट्रिय लेखा तथ्याङ्कको इतिहासमा यस अघि आर्थिक वर्षहरू २०२१/२२, २०३१/३२, २०४१/४२ र २०५१/५२ लाई आधार वर्ष मानी राष्ट्रिय लेखाका श्रृंखलाहरू तयार गरिएका थिए ।

राष्ट्रिय लेखा तथ्याङ्क विधिमा परिमार्जन गर्नु पर्ने, नयाँ अवधारणा र परिभाषा अंगाल्नु पर्ने साथै नयाँ वर्गीकरणहरू प्रयोगमा ल्याउनु पर्ने भएकोले पनि नयाँ श्रृंखलाको आवश्यकता भएको हो । हालसम्म नेपालले अनुसरण गरी आएको राष्ट्रिय लेखा प्रणाली सन् १९६८ को प्रणालीमा आधारित थियो जसको सट्टा विश्वका प्रायः सबै मुलुकहरूले धेरै पहिले नै System of National Accounts (SNA), 1993 लाई कार्यान्वयनमा ल्याएका थिए । यस अर्थमा नेपालले पनि SNA, 1993 मा प्रवेश गर्नु पर्ने आवश्यकता थियो । मूलतः नेपालको सन्दर्भमा SNA 1993 मा प्रवेश गर्नु भनेको उत्पादन, उपभोग, लगानी आदि समष्टिगत आर्थिक चर (variable) हरूको अवधारणा र परिभाषामा केही अघि बढ्नु हो । यस अघि समग्र आर्थिक क्रियाकलापहरूलाई नौ प्रमुख क्षेत्रहरूमा विभाजन गरिएको थियो भने अब १५ क्षेत्रहरूमा विभाजन गरी तदनुरूपका उत्पादन, मध्यवर्ती उपभोग र मूल्य अभिवृद्धिका अनुमानहरू तयार गरिएका छन् । यद्यपि International Standard Industrial Classification (ISIC), Revision 3 ले समग्र अर्थतन्त्रलाई १७ वटा क्रियाकलापमा विभाजन गरे पनि नेपालको सन्दर्भमा निजी घरमा काम गर्ने कामदारका क्रियाकलापहरू तथा वैदेशिक नियोग एवम् अन्तराष्ट्रिय संघ-संस्थाहरूको क्रियाकलापको

कुल गार्हस्थ उत्पादनमा अत्यन्तै न्यून योगदान देखिएकाले यी सम्बन्धी तथ्याङ्कलाई अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरूसँग सम्वन्धित क्रियाकलापमा समावेश गरिएका छन् ।

यस अघिका श्रृँखलामा समावेश नभएका क्रियाकलापहरू जस्तै यातायात अन्तर्गतका माइक्रोबस, केवलकार आदि, सञ्चारतर्फ पि.सि.ओ. (P.C.O.), मोबाइल टेलिफोन, इन्टरनेट, केवुल (cable) टेलिभिजन, भाडा लगाउने (renting), रोजगार संस्थाहरू, सहकारी, परामर्श सेवा, कम्प्युटर तथा फोटोग्राफी, निजी हुलाक सेवा, शिक्षातर्फ निजी क्षेत्रतर्फका क्रियाकलाप, सामुदायिक बनका उत्पादन आदि नयाँ श्रृँखलामा समावेश गरिएका छन् । राष्ट्रिय लेखा तथ्याङ्क सुदृढ गर्न ३० वटा नयाँ सर्वेक्षण तथा अध्ययन सञ्चालन गरिएका थिए ।

अहिलेसम्म परम्परागतरूपमा तयार गरिआएको राष्ट्रिय लेखा तथ्याङ्कमा सर्वेक्षणहरूको लगत (frame) र अनुमान विधिमा पनि परिवर्तन भएका छन् । जस्तै, प्राविधिक परिवर्तनका कारण हाल कतिपय सेवा क्षेत्रमा उत्पादन लागतका अनुपातहरूमा परिवर्तन भएका छन् जुन परिमार्जन गरिएका छन् । राष्ट्रिय लेखाका तथ्याङ्क प्रयोगकर्ताहरूलाई परम्परागतरूपमा तयार गरिँदै आएका कुल गार्हस्थ्य उत्पादन (GDP), कुल राष्ट्रिय आय (GNI), उपभोग (consumption) का अलावा बचत (saving) र खर्चयोग्य आय (disposable income) का भरपर्दा अनुमानहरू तथा अर्थतन्त्रका संस्थागत क्षेत्रहरू जस्तै सरकार, प्रतिष्ठान, घरपरिवार र नाफा नगर्ने संस्थाहरूको आधारमा पनि मूल्य अभिवृद्धि (GDP), उपभोग, पुँजी निर्माण (capital formation), बचत आदि अनुसारको तथ्याङ्कको आवश्यकता देखिएकोले तदनुरूपका अनुमानहरू समेत तयार गरिएका छन् । अन्तर्राष्ट्रिय निर्देशिका (SNA, 1993) अनुसार राष्ट्रिय लेखा प्रणाली तयार गरी नेपालको राष्ट्रिय लेखाका आँकडाहरूलाई अन्तर्राष्ट्रिय मान्यता तथा मापदण्डअनुसार बनाउन तथा अन्तर्राष्ट्रियरूपमा तुलनायोग्य बनाउनसमेत आवश्यक योगदान मिल्ने छ ।

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

**तालिका : १ (छ): कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (औद्योगिक वर्गीकरण अनुसार)**

(स्थिर मूल्यमा प्रतिशत परिवर्तन)

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४* | २०६४/६५** |
| कृषि तथा वन | ३.०१ | ३.३२ | ४.७२ | ३.४५ | १.६७ | ०.९४ | ५.६५ |
| मत्स्यपालन | ८.७१ | ४.०० | १२.२३ | ७.१३ | ९.९१ | २.९९ | ७.०९ |
| खानी तथा उत्खनन् | ८.७९ | ३.२० | -०.४३ | ६.८० | ८.२६ | १.४७ | २.८४ |
| उद्योग | -५.३२ | ०.०४ | २.१५ | २.६२ | २.०० | २.५५ | ०.१८ |
| विद्युत्, ग्याँस तथा पानी | ११.३७ | १९.०४ | ४.०७ | ३.९७ | ४.०१ | १३.०० | ३.४४ |
| निर्माण | ६.४१ | २.१० | -०.३५ | २.९० | ७.६७ | २.४९ | ३.११ |
| थोक तथा खुद्रा व्यापार | -११.५७ | २.२६ | १०.८१ | -६.२४ | ३.६६ | -४.४५ | ६.४३ |
| होटल तथा रेष्टुराँ | -१८.२३ | २.०१ | १२.७४ | -५.४१ | ५.९९ | ३.५४ | ७.५५ |
| यातायात, सञ्चार तथा गोदाम | ८.३७ | ५.२० | ७.४९ | १.९८ | ६.९५ | ४.४५ | ६.६० |
| वित्तीय मध्यस्थता | ३.८२ | १.६६ | ६.१९ | २४.३० | २४.३५ | ११.३९ | १३.८१ |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | -४.८९ | -३.९७ | -२.०९ | १०.०३ | ६.३४ | ११.७६ | ४.४२ |

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४* | २०६४/६५** |
| सार्वजनिक प्रशासन र रक्षा | ३६.८५ | ११.५२ | -०.६४ | ६.६४ | ६.८८ | १.३५ | ५.६५ |
| शिक्षा | २१.०५ | १३.७१ | ५.१२ | ९.८२ | ३.७५ | ६.२४ | ४.६२ |
| स्वास्थ्य र सामाजिक कार्य | ७.३८ | १५.२६ | ६.११ | ११.३३ | ५.९१ | ६.७१ | ७.३९ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | -८.६२ | ४.४० | १३.४३ | -३.३८ | ३.३४ | ११.७८ | ११.०७ |
| कुल मूल्य अभिवृद्धि (अप्रत्यक्षरूपमा मापन गरिने (वित्तीय मध्यस्थता सेवासहित) | ०.४६ | ३.४५ | ५.१३ | २.९७ | ४.३६ | २.९६ | ५.६० |
| अप्रत्यक्षरूपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा | १०.६७ | -६.६२ | ३०.१३ | ६.२३ | ११.२० | १२.४१ | ६.४८ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ०.१६ | ३.७७ | ४.४१ | २.८५ | ४.११ | २.५८ | ५.५६ |
| वस्तु तथा सेवामा खुद कर | -०.४७ | ६.५५ | ८.६० | ६.८७ | -१.५१ | ११.८२ | -६.४१ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ०.१२ | ३.९५ | ४.६८ | ३.१२ | ३.७२ | ३.१९ | ४.७० |

** संशोधित, ** प्रारम्भिक*

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

१.१० आर्थिक वर्ष २०६४/६५ मा गत आर्थिक वर्षको तुलनामा उच्च आर्थिक वृद्धिदर हासिल भएको छ। केन्द्रीय तथ्याङ्क विभागबाट आर्थिक वर्षको प्रथम ६ महिनादेखि ९ महिनासम्मको तथ्याङ्कका आधारमा तयार पारिएको राष्ट्रिय लेखा तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ५.५६ प्रतिशत र उत्पादकको मूल्यमा ४.७ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। कृषि उत्पादनमा ठूलो योगदान रहेको धानको उत्पादन मनसुन अनुकूल रहेका कारण १६.८ प्रतिशतले बढ्नु तथा तरकारी एवम् फलफूलको उत्पादनमा विस्तार आएका कारण कुल गार्हस्थ्य उत्पादनमा ३२.० प्रतिशत अंश रहेको कृषि क्षेत्रको उत्पादन ५.६५ प्रतिशतको उल्लेख्य दरले बढ्न गई कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर विगत वर्षहरुको तुलनामा उच्च रहन गएको हो। चालू आर्थिक वर्षमा कृषि क्षेत्रका साथसाथै कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर पनि विगत सात वर्षमा सबैभन्दा उच्च रहेको छ। गैर-कृषि क्षेत्रतर्फ थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेण्ट, यातायात, भण्डारण तथा सञ्चार तथा वित्तीय क्षेत्रको विस्तार उत्साहप्रद रहेको छ। देशमा शान्ति सुरक्षाको स्थितिमा क्रमिक सुधार आउनु, थप बैंक तथा वित्तीय संस्थाको स्थापनाका कारण वित्तीय सेवा विस्तार भई उद्यमीहरु प्रोत्साहित हुनु र शान्ति बहालीसंगै पर्यटक आगमनमा उल्लेख्य मात्रामा वृद्धि हुनुका कारण उच्च आर्थिक वृद्धिदर हासिल भएको अनुमान गर्न सकिन्छ। तथापि कुल गार्हस्थ्य उत्पादनमा करिब ७.० प्रतिशत योगदान रहेको उद्योग क्षेत्रको उत्पादन नगण्य रहेको छ। समय समयमा भइरहने औद्योगिक विवाद, बन्द हड्ताल लगायत प्रतिस्पर्धात्मक क्षमतामा आएको कमीका कारण यो क्षेत्र प्रभावित बन्न गएको छ।

१.११ प्रचलित मूल्यमा रहेका राष्ट्रिय लेखाका तथ्याङ्कहरूलाई आधार वर्षको मूल्य अर्थात् यथार्थ मूल्यमा रूपान्तरण गर्न केन्द्रीय तथ्याङ्क विभागले कुल गार्हस्थ्य उत्पादनको

मूल्य सूचकाङ्क (implicit GDP deflator) प्रयोग गर्ने गर्दछ। यसै मूल्य सूचकाङ्कले प्रचलित (nominal) मूल्य र स्थिर (constant) मूल्यबीच समायोजन गर्ने गर्दछ। नयाँ राष्ट्रिय लेखा तथ्याङ्कमा आर्थिक वर्ष २०५७/५८ लाई आधार वर्ष मानिएको र आर्थिक वर्ष २०६४/६५ मा समग्र मूल्य सूचकाङ्कको वृद्धिदर ७.७ प्रतिशत रहेको अनुमान गरिएको छ। नेपाल राष्ट्र बैंकबाट सार्वजनिक गरिएअनुसार चालू आर्थिक वर्षको प्रथम नौ महिनाको उपभोक्ता मूल्यको औसत वृद्धिदर र बाँकी तीन महिनाको अनुमानको आधारमा वार्षिक औसत मूल्य वृद्धिदर ७.४ प्रतिशत हुने अनुमान गरिएको छ। थोक मूल्य सूचकाङ्कमा आधारित औसत मूल्य वृद्धिदर यस आर्थिक वर्षको प्रथम नौ महिनामा ८.१ प्रतिशत र बाँकी तीन महिनामा १०.३ प्रतिशत गरी वार्षिक औसत वृद्धिदर ८.६ प्रतिशतको प्रक्षेपण गरिएको छ। चालू आर्थिक वर्षमा तीन पटक पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको प्रभाव तथा यस अवधिमा खाद्यवस्तुहरुमा भइरहेको उच्च मूल्य वृद्धिका कारण चालू आर्थिक वर्षमा समग्र मूल्य स्थितिमा चाप पर्नजाने अनुमानलाई आधार मान्दै मूल्य वृद्धि सम्बन्धी उपरोक्त प्रक्षेपण गरिएको हो।

**<u>यथार्थ कुल गार्हस्थ्य उत्पादन</u>**

१.१२ आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ५.५६ प्रतिशत र उत्पादकको मूल्यमा ४.७ प्रतशित रहने अनुमान बारे माथि उल्लेख




भइसकेको छ। आर्थिक वर्ष २०६३/६४ मा आधारभूत मूल्यमा २.५८ प्रतिशत र उत्पादकको मूल्यमा ३.१९ प्रतिशतले कुल गार्हस्थ्य उत्पादन बढेको थियो। आर्थिक वर्ष २०६४/६४ मा कृषि तथा गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमश: ५.६५ प्रतिशत र ५.५७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६३/६४ मा यी वृद्धिदरहरु क्रमश: ०.९४ प्रतिशत र ४.१० प्रतिशत रहेका थिए।

१.१३ आर्थिक वर्ष २०६४/६५ मा उत्पादकको मूल्यमा बास्तबिक कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र तथा गैर-कृषि क्षेत्रको योगदान क्रमशः ३४.६ प्रतिशत र ६५.४ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६३/६४ मा कृषि क्षेत्रको योगदान ३४.३ प्रतिशत तथा गैर-कृषि क्षेत्रको योगदान ६५.७ प्रतिशत रहेको थियो।

१.१४ कृषि उत्पादनलाई विभिन्न समूहमा समूहीकृत गरी तयार गरिएको कृषि उत्पादन सूचकांकको आधारमा खाद्यान्न बालीको उत्पादन गत बषको तुलनामा ७.२७ प्रतिशतले वृद्धि हुने अनुमान छ। यस समूह अन्तर्गत धान, मकै र गहुँको वृद्धि क्रमशः १६.८० प्रतिशत, ३.२३ प्रतिशत र ३.७६ प्रतिशत रहेको छ। यसैगरी, सागसब्जी तथा नर्सरीको उत्पादन ९.५९ प्रतिशतले वृद्धि हुने र फलफुल तथा मसला बाली ५.४ प्रतिशतले वृद्धि हुने अनुमान छ। गार्हस्थ्य प्रयोजनका पशुपालन तथा पंक्षी व्यवसाय क्रमशः २.५८ तथा ३.०९ प्रतिशतले विस्तार हुने अनुमान छ। वन तथा वन पैदावार सम्बन्धी उत्पादनको वृद्धिदर ०.२ प्रतिशत र मत्स्यपालन क्षेत्रको वृद्धिदर ७.०९ प्रतिशत हुने अनुमान छ।

१.१५ खानी तथा उत्खनन् क्षेत्रको उत्पादन २.८४ प्रतिशतले बढ्ने पूर्वानुमान छ। खानीजन्य उत्पादनमा कमी आएता पनि उत्खनन् तर्फको उत्पादन तुलनात्मकरुपमा केही बढेका कारण अघिल्लो वर्षको तुलनामा यस वर्षको उत्पादन बढेको हो। अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर १.४७ प्रतिशत थियो।

१.१६ अन्य क्षेत्रको तुलनात्मक विस्तार भएता पनि उत्पादन उद्योग (manufacturing) को क्षेत्रमा शिथिलता छाएको प्रारम्भिक अनुमान छ। यस क्षेत्रको वृद्धिदर अघिल्लो वर्ष २.५५ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षमा ०.१८ प्रतिशत मात्र रहेको छ। चालू आर्थिक वर्षको प्रथम छ महिनाको उत्पादन सूचकांकको आधारमा तोरी तथा भटमासको तेल, चामल, पिठो, विस्कुट, चिनी, चाउचाउ, चिया, पेय पदार्थ, चुरोट, जुटका सामानहरु, कागज जस्ता वस्तुहरुको उत्पादनमा सकारात्मक वृद्धि देखिएको भएतापनि वनस्पति घ्यू, दुग्धजन्य वस्तु, ऊनी गलैचा, तयारी पोशाक, सावुन, प्लाष्टिकका सामान जस्ता बढी भार भएका उत्पादनहरुमा गिरावट आएका कारण यस क्षेत्रको वृद्धिदर नगण्य रहने अनुमान छ।

१.१७ विद्युत्, ग्याँस तथा पानी क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर अघिल्लो वर्ष १३.० प्रतिशत रहेकोमा चालू आर्थिक वर्षमा ३.४४ प्रतिशत रहने अनुमान छ। यसैगरी, निर्माण क्षेत्रको उत्पादन गत आर्थिक वर्षमा २.४९ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षमा ३.११ प्रतिशतले वृद्धि हुने अनुमान छ। प्रथम छ महिनाको सूचकांक अनुसार निर्माणजन्य वस्तुहरु इट्टा, सिमेण्ट, छड तथा विजुलीका सामानहरुको उत्पादनमा वृद्धि भएको अनुमान छ।

१.१८ थोक तथा खुद्रा व्यापारतर्फ चालू आर्थिक वर्षमा ६.४३ प्रतिशतको उल्लेख्य वृद्धि भएको अनुमान छ। यस क्षेत्रको उत्पादन गत आर्थिक वर्षमा ४.४५ प्रतिशतले ऋणात्मक रहेको थियो। व्यापारजन्य आन्तरिक कृषि उत्पादन तथा आयातमा भएको सकारात्मक वृद्धिले यस क्षेत्रको गार्हस्थ्य उत्पादनमा उच्च वृद्धि हुने अनुमान छ। यसैगरी, पर्यटक आगमनमा भएको उल्लेख्य वृद्धि र आन्तरिक पर्यटन समेत केही

हदसम्म विस्तारित भएका कारण चालू आर्थिक वर्षमा होटल तथा रेष्टुरेण्ट क्षेत्रको वृद्धिदर ७.५५ प्रतिशत हुने अनुमान छ। अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ३.५४ प्रतिशत मात्र रहेको थियो ।

१.१९ यातायात, सञ्चार तथा भण्डारण क्षेत्रको उत्पादन चालू आर्थिक वर्षमा ६.६ प्रतिशतले बढ्ने अनुमान छ। अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ४.४५ प्रतिशत रहेको थियो। खासगरी सञ्चार उपक्षेत्रमा भएको उल्लेख्यनीय वृद्धिका कारण यस क्षेत्रको उत्पादन उच्च रहने अनुमान गरिएको हो। विगत वर्षमा झैं चालू आर्थिक वर्षमा वित्तीय मध्यस्थता क्षेत्रको वृद्धिदर उच्च रहेको छ। चालू आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर १३.८१ प्रतिशत रहने अनुमान छ। गत वर्ष यो क्षेत्र ११.३९ प्रतिशतले विस्तार भएको थियो। गत वर्ष झैं यस वर्षमा पनि नयाँ बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र यी संस्थाहरुको कारोवारमा समेत विस्तार भएका कारण वित्तीय क्षेत्रको उत्पादन उच्च दरले बढेको अनुमान छ।

चार्ट १ (ख) : कूल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान



तालिका १ (ज) : आर्थिक गतिविधिका प्रमुख परिसूचकहरू

| *आर्थिक गतिविधिको **विवरण*** | ***एकाइ*** | ***आर्थिक वर्ष*** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ [१] |
| *यथार्थ कुल गार्हस्थ्य उत्पादन - आधारभूत मूल्यमा* | वार्षिक % परिवर्तन | ०.२ | ३.८ | ४.४ | २.९ | ४.१ | २.६ | ५.६ |
| *- वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा* | " | ०.५ | ३.४ | ५.१ | ३.० | ४.४ | ३.० | ५.६ |
| ** कृषि* | " | ३.० | ३.३ | ४.७ | ३.४ | १.७ | ०.९ | ५.७ |
| ** गैर-कृषि* | " | -१.० | ३.५ | ५.४ | २.७ | ६.० | ४.१ | ५.६ |
| *- उत्पादकको मूल्यमा* | " | ०.१ | ४.० | ४.७ | ३.१ | ३.७ | ३.२ | ४.७ |
| *प्रति व्यक्ति राष्ट्रिय आय (स्थिर मूल्यमा)* | " | -२.५ | १.६ | २.३ | १.७ | २.३ | १.५ | २.८ |
| *समग्र कृषि उत्पादन सूचकाङ्क* | " | २.४ | ३.७ | ३.२ | २.८ | १.७ | ०.९ | ५.७ |
| *- खाद्यान्न तथा अन्य बालीहरू* | " | २.३ | २.० | ३.४ | १.५ | १.४ | -२.७ | ७.२७ |
| *- पशुजन्य उत्पादन* | " | २.५ | ३.२ | ३.४ | २.१ | २.५ | ३.१ | २.६ |
| *- तरकारी, वागवानी र नर्सरी* | " | ५.१ | ३.६ | ५.० | ९.३ | ६.० | ६.४ | ९.६० |
| *- वनजन्य उत्पादन* | " | १.९ | १.९ | १.० | ०.२ | -२.५ | १.७ | ०.२ |
| *प्रमुख औद्योगिक वस्तु उत्पादन सूचकाङ्क* | " | -६.६ | २.४ | २.१ | २.६ | १.९ | २.१ | -०.२ |
| ***कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क*** [२] | " | ३.९ | ३.१ | ४.० | ६.३ | ६.६ | ७.४ | ७.७ |
| *- कृषि* | " | ३.५ | ०.८ | २.७ | ३.५ | ४.३ | ६.७ | ७.७ |
| *- गैर-कृषि* | " | ४.१ | ४.५ | ४.८ | ७.७ | ७.६ | ७.९ | ७.६ |
| *उपभोक्ता मूल्य सूचकाङ्क* [३] | " | २.९ | ४.८ | ४.० | ४.५ | ८.० | ६.४ | ७.४ |
| ***कुल गार्हस्थ्य उत्पादन (उत्पादकको प्रचलित मूल्य) संगको अनुपात*** | | | | | | | | |
| *- कुल गार्हस्थ्य बचत* | % | ९.५ | ८.६ | ११.८ | ११.६ | ९.० | ९.७ | ११.५ |
| *- कुल राष्ट्रिय बचत* | % | २४.२ | २३.८ | २७.३ | २८.४ | २९.० | २८.५ | ३२.० |
| *- कुल स्थिर पुँजी लगानी* | % | १९.६ | १९.९ | २०.३ | १९.९ | २०.७ | २०.४ | २१.१ |
| *- कुल लगानी* | % | २०.२ | २१.४ | २४.५ | २६.५ | २६.८ | २८.० | ३२.० |
| *- कुल गार्हस्थ्य बचत र कुल लगानी बीचको अन्तर* | % | -१०.७ | -१२.८ | -१२.७ | -१४.९ | -१७.८ | -१८.३ | -२०.५ |
| *- कुल उपभोग* | % | ९०.५ | ९१.४ | ८८.३ | ८८.४ | ९१.० | ९०.३ | ८८.५ |
| *- कुल सरकारी खर्च* [४] | % | १७.४ | १७.१ | १६.७ | १७.४ | १७.० | १८.४ | १९.७ |
| *- चालू खर्च* [४] | % | १०.६ | १०.६ | १०.३ | १०.५ | १०.२ | १०.६ | ११.३ |
| *- पुँजीगत खर्च* [४] | % | ५.४ | ४.५ | ४.३ | ४.६ | ४.५ | ५.५ | ६.५ |
| *- साँवा भुक्तानी खर्च* [४] | % | १.४ | १.९ | २.० | २.३ | २.२ | २.३ | १.९ |

| आर्थिक गतिविधिको विवरण | एकाइ | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ [१] |
| - ऋण सेवा (साँवा र व्याज भुक्तानी) | % | २.७ | ३.३ | ३.२ | ३.४ | ३.१ | ३.२ | २.६ |
| - कुल राजस्व | % | ११.० | ११.४ | ११.६ | ११.९ | ११.१ | १२.१ | १३.० |
| - कर राजस्व | % | ८.६ | ८.७ | ९.० | ९.२ | ८.८ | ९.८ | १०.२ |
| - गैर-कर राजस्व | % | २.४ | २.८ | २.६ | २.७ | २.३ | २.३ | २.८ |
| - बजेट घाटा | % | ५.० | ३.३ | २.९ | ३.१ | ३.८ | ४.१ | ४.० |
| - प्राप्त वैदेशिक ऋण | % | १.७ | ०.९ | १.४ | १.६ | ०.६ | १.६ | १.४ |
| - प्राप्त वैदेशिक ऋण र अनुदान | % | ३.१ | ३.२ | ३.५ | ४.० | २.७ | ३.८ | ४.१ |
| - कुल तिर्न बाँकी आन्तरिक ऋण | % | १५.१ | १६.४ | १५.२ | १४.१ | १४.५ | १४.३ | १३.१ |
| - कुल तिर्न बाँकी वैदेशिक ऋण | % | ४७.९ | ४५.४ | ४३.४ | ३७.३ | ३५.८ | २९.८ | २६.३ |
| - कुल तिर्न बाँकी ऋण | % | ६३.० | ६१.८ | ५८.५ | ५१.३ | ५०.३ | ४४.१ | ३९.४ |
| - कुल (वस्तु) निर्यात | % | १०.२ | १०.१ | १०.० | १०.० | ९.२ | ८.४ | ७.३ |
| - कुल (वस्तु) आयात | % | २३.४ | २५.३ | २५.४ | २५.४ | २६.६ | २६.४ | २७.३ |
| - व्यापार घाटा | % | -१३.२ | -१५.१ | -१५.३ | -१५.४ | -१७.४ | -१८.० | -२२.६ |
| - पर्यटन आय | % | १.९ | २.४ | ३.४ | १.८ | १.५ | १.४ | २.२ |
| - विप्रेषण आय | % | १०.३ | ११.० | १०.९ | ११.१ | १४.९ | १३.८ | १६.५ |
| - चालू खाता | % | ४.० | २.४ | २.७ | २.० | २.२ | ०.५ | ०.२ |
| कुल तिर्न बाँकी वैदेशिक ऋण/कुल सरकारी राजस्व | % | ४३६.४ | ३९७.४ | ३७३.५ | ३१३.२ | ३२३.७ | २४७.० | २०२.८ |
| कुल तिर्न बाँकी वैदेशिक ऋण/कुल निर्यात | % | ४६८.९ | ४४७.५ | ४३१.८ | ३७४.१ | ३८८.४ | ३५६.३ | ३६२.६ |
| कुल सरकारी राजस्व | % परिवर्तन | ३.२ | ११.५ | १०.९ | १२.५ | ३.१ | २१.३ | २१.५ |
| चालू खर्च | % परिवर्तन | ६.६ | ६.६ | ६.६ | ११.० | ८.६ | १५.१ | २०.४ |
| पुँजीगत खर्च | % परिवर्तन | -१२.५ | -९.८ | ३.३ | १८.४ | ८.३ | ३४.२ | ३४.९ |
| साँवा भुक्तानी खर्च | % परिवर्तन | १३.१ | ४८.६ | १२.९ | २५.४ | ५.४ | १७.४ | -७.१ |
| कुल सरकारी खर्च | % परिवर्तन | ०.३ | ४.९ | ६.५ | १४.७ | ८.१ | २०.५ | २१.३ |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी) | % परिवर्तन | १७.५ | ३२.६ | ७.१ | १३.९ | ३.४ | १२.२ | -५.२ |
| ऋण सेवा (सांवा र व्याज भुक्तानी)/चालू खर्च | % | २५.० | ३१.१ | ३१.२ | ३२.० | ३०.५ | २९.७ | २३.४ |
| संकुचित मुद्रा प्रदाय (एम$_१$) | % परिवर्तन | ९.३ | ८.६ | १२.२ | ६.६ | १४.२ | १२.२ | ११.३ |
| विस्तृत मुद्रा प्रदाय (एम$_२$) | % परिवर्तन | ४.४ | ९.८ | १२.८ | ८.३ | १५.६ | १४.० | १३.४ |
| बैकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश | % | ६५.७ | ६७.४ | ७०.१ | ७०.३ | ७५.५ | ७६.९ | ७८.४ |

| आर्थिक गतिविधिको विवरण | एकाइ | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ [1] |
| *कुल निर्यात* | % परिवर्तन | -१५.६ | ६.४ | ८.० | ८.९ | २.६ | ०.९ | -१.९ |
| *कुल आयात* | % परिवर्तन | -७.२ | १५.८ | ९.६ | ९.७ | १६.३ | १०.३ | १७.० |
| *निर्यात/आयात अनुपात* | % | ४३.७ | ४०.२ | ३९.६ | ३९.३ | ३४.७ | ३१.७ | २६.६ |
| *पर्यटन आय* | % परिवर्तन | -२६.१ | ३५.७ | ५४.५ | -४३.३ | ८.७ | ६.० | ८०.० |
| *विप्रेषण आय* | % परिवर्तन | ०.७ | १४.० | ८.१ | ११.९ | ४९.० | २.५ | ३५.० |
| *चालू खाता* | रु. करोडमा | १८१६ | ११६२ | १४५९.८ | ११५४.५ | १४२२.५ | ३४९.० | १७५.५ |
| *शोधनान्तर स्थिति* | रु. करोडमा | -३३४.३ | ४३६.४ | १६००.५ | ५७४.२ | २५५९.८ | ५९०.४ | १२५३.७ |
| *विदेशी विनिमय संचिति* | रु. करोडमा | १०५९० | १०८२३ | १३०२०.५ | १२९८९.६ | १६५०३.३ | १६५१२.६ | १८२००.७ |
| *विदेशी विनिमय दर* [4] | अ.ड. १= रु. | ७८.३ | ७५.० | ७४.४ | ७०.६ | ७४.४ | ६५.२ | ६४.८ |
| *कुल जनसंख्या* | करोडमा | २.३७ | २.४२ | २.४७ | २.५३ | २.५९ | २.६४ | २.७० |

[1] *वार्षिक प्रारम्भिक अनुमान (प्रथम ८ महिनाको तथ्याङ्कमा आधारित);*[2] *आधार वर्ष २०५७/५८=१००;* [3] *राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क आधार वर्ष २०५२/५३=१००;*[4] *असार मसान्तमा खरिद र विक्री दरको औसत; चालू आर्थिक वर्षको फागुन मसान्तको खरिद र विक्रीदरको औसत*

१.२० घरजग्गा तथा भाडा (रियलस्टेट) र व्यावसायिक सेवा क्षेत्रको उत्पादन चालू आर्थिक वर्षमा ४.४२ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ। गत वर्ष यस क्षेत्रको वृद्धिदर ११.७६ प्रतिशत रहेको थियो। गत वर्षको तुलनामा ग्रामीण आवास विकास कम्पनीको कारोवार घटेर गएको र अन्य केही व्यावसायिक सेवाहरूको कारोवारमा वाञ्छित परिवर्तन नभएकोले यस क्षेत्रको वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून रहेको हो। सार्वजनिक प्रशासन तथा रक्षामा चालू आर्थिक वर्षमा ५.६५ प्रतिशत वृद्धि हुने अनुमान छ। गत वर्ष यस क्षेत्रको वृद्धिदर १.३५ प्रतिशत रहेको थियो। केन्द्रीय सरकारको सार्वजनिक प्रशासन तथा रक्षामा गरिएको खर्चको आधारमा तयार पारिएको अनुमान अनुसार यस क्षेत्रमा उक्त वृद्धिदर हासिल हुने देखिएको हो।

१.२१ शिक्षा क्षेत्रमा चालू आर्थिक वर्षमा ४.६२ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत वर्ष यस क्षेत्रको वृद्धिदर ६.२४ प्रतिशत रहेको थियो। सरकारी तथा गैर-सरकारी क्षेत्रहरूबाट सञ्चालित शैक्षिक गतिविधिहरूमा भएको परिवर्तन सूचकको आधारमा उक्त वृद्धिदर हासिल हुने अनुमान गरिएको हो। यसैगरी, स्वास्थ्य क्षेत्रतर्फ चालू आर्थिक वर्षमा ७.३९ प्रतिशतको वृद्धि हुने अनुमान छ। गत वर्ष यस क्षेत्रको वृद्धिदर ६.७१ प्रतिशत रहेको थियो। निजी स्वास्थ्य सेवाको कारोवार बढेका कारण स्वास्थ्य सेवा क्षेत्रको उत्पादन बढ्ने अनुमान गरिएको हो। अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा क्षेत्रको उत्पादन चालू आर्थिक वर्षमा ११.०७ प्रतिशत हुने अनुमान छ। गत वर्ष यस क्षेत्रको उत्पादन ११.७८ प्रतिशतले बढेको थियो। सरकारी क्षेत्रबाट प्रदान गरिने सामुदायिक सेवा लगायत विविध किसिमका सामाजिक तथा व्यावसायिक सेवाहरू यस अन्तर्गत समावेश गरिएका छन्। International Standard Industrial Classification (ISIC) को प्रमुख खण्ड घर परिवारमा काम गर्ने निजी कामदारहरु र अन्तर्राष्ट्रिय संघ संस्था र निकायहरुको आर्थिक कारोवारको स्थिति नगण्य भएकाले ती

खण्डहरुलाई समेत अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा सम्बन्धी क्रियाकलापमा समावेश गरिएको छ ।

१.२२ कुल गार्हस्थ्य उत्पादनलाई तीनवटा प्रमुख समूह प्राथमिक क्षेत्र (कृषि तथा वन, मत्स्यपालन र खानी तथा उत्खनन्), द्वितीय क्षेत्र (औद्योगिक उत्पादन, विद्युत् ग्याँस तथा पानी र निर्माण) र तृतीय क्षेत्र (बाँकी सेवागत क्षेत्रहरू) मा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०६४/६५ मा प्राथमिक क्षेत्र (primary sector) को उत्पादन वृद्धिदर ५.६४ प्रतिशत, द्वितीय क्षेत्र (secondary sector) को १.७८ प्रतिशत र तृतीय क्षेत्र (tertiary sector) को ६.९० प्रतिशत रहेको अनुमान छ। गत आर्थिक वर्षमा यी क्षेत्रहरूको उत्पादन क्रमशः ०.९८ प्रतिशत, ४.०२ प्रतिशत र ४.१६ प्रतिशत रहेको थियो । कुल गार्हस्थ्य उत्पादनमा यी क्षेत्रहरूको अंश प्रचलित आधारभूत मूल्यमा क्रमशः ३३.०९ प्रतिशत, १५.४६ प्रतिशत र ५१.४४ प्रतिशत रहेको छ । गत वर्ष यी क्षेत्रहरुको अंश क्रमशः ३३.०३ प्रतिशत, १६.०९ प्रतिशत र ५०.८८ प्रतिशत रहेको थियो ।

१.२३ आर्थिक वर्ष २०६४/६५ मा उत्पादकको प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादन १२.९ प्रतिशतले वृद्धि भई रु. ८ खरब २० अरब ८१ करोड ४० लाख पुग्ने अनुमान छ। आर्थिक वर्ष २०६३/६४ मा यो वृद्धिदर ११.२ प्रतिशत रहेको थियो। यसैगरी आर्थिक वर्ष २०६३/६४ मा प्रचलित आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादन १०.५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १३.८ प्रतिशतले वृद्धि भई रु. ७ खरब ६८ अरब ८३ करोड २० लाख पुग्ने अनुमान छ ।

१.२४ स्थिर मूल्यमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन चालू आर्थिक वर्षमा २.५९ प्रतिशतले वृद्धि भई रु. २० हजार ८ सय १६ पुग्ने अनुमान छ। गत आर्थिक वर्षमा प्रति व्यक्ति कुल गार्हथ्य उत्पादन १.२४ प्रतिशतले बढी रु. २० हजार २ सय ८९ पुगेको थियो ।

१.२५ केन्द्रीय तथ्याङ्क विभागका अनुसार चालू आर्थिक वर्षमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १०.४२ प्रतिशतले वृद्धि भई रु. ३० हजार ३ सय ६१ पुगेको अनुमान छ। गत आर्थिक वर्षमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन रु. २७ हजार ४ सय ९७ रहेको थियो। अमेरिकी डलरमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ४ सय ७० रहने अनुमान छ। गत वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ३ सय ९० अमेरिकी डलर रहेको थियो ।



चार्ट १ (ग) : वास्तविक प्रतिव्यक्ति आयको वृद्धिदर

१.२६ कुल गार्हस्थ्य उत्पादनमा प्रमुख उत्पादन क्षेत्रहरुको प्रचलित मूल्यमा अंश हेर्दा चालू आर्थिक वर्षमा कृषि क्षेत्रको ३२.१२ प्रतिशत, थोक तथा खुद्रा व्यापारको १३.६० प्रतिशत, यातायात, सञ्चार तथा गोदामको ९.३ प्रतिशत, घरजग्गा, भाडा तथा

व्यावसायिक सेवाहरूको ९.९१ प्रतिशत, उद्योगको ७.०६ प्रतिशत, निर्माणको ६.४४ प्रतिशत र शिक्षाको ५.९९ प्रतिशत योगदान छ।

## उपभोग, बचत तथा पुँजी निर्माण

१.२७ चालू आर्थिक वर्षमा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादनसँग कुल उपभोगको अनुपात ८८.५३ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष यो अनुपात ९०.२६ प्रतिशत रहेको थियो। कुल गार्हस्थ्य उत्पादनसँग कुल आन्तरिक बचतको अनुपात चालू आर्थिक वर्षमा ११.४७ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यो अनुपात ९.७४ प्रतिशत रहेको थियो। उपलब्ध तथ्याङ्कले चालू आर्थिक वर्षमा सीमान्त दरमा भएपनि कुल गार्हस्थ्य बचतमा वृद्धि भएको देखाउँदछ। यसैगरी, कुल गार्हस्थ्य उत्पादनसँग कुल स्थिर पुँजी निर्माणको अनुपात चालू आर्थिक वर्षमा २१.०५ प्रतिशत पुगेको छ भने कुल पुँजी निर्माणको अनुपात ३२ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः २०.४१ र २८.० प्रतिशत रहेका थिए।




१.२८ स्थिर मूल्यमा आर्थिक वर्ष २०६४/६५ मा कुल उपभोग गत वर्षको तुलनामा २.७ प्रतिशतले वृद्धि भई रु. ४ खरब ९८ अरब ६१ करोड पुग्ने अनुमान छ। गत वर्ष पनि कुल उपभोग २.७ प्रतिशतले वृद्धि भई रु. ४ खरब ८५ अरब ५८ करोड रहेको थियो। गत वर्ष स्थिर मूल्यमा कुल गार्हस्थ्य उत्पादनसँग कुल उपभोगको अनुपात ९१.५ प्रतिशत रहेकोमा यस वर्ष सो अनुपात ८९.७ प्रतिशत रहने अनुमान छ। कुल उपभोगमध्ये सरकारी र निजी क्षेत्र तर्फको उपभोगको अंश आर्थिक वर्ष २०६३/६४ मा क्रमशः १०.४ प्रतिशत र ८७.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा सरकारी र निजी क्षेत्र तर्फको अंश क्रमशः १०.६ प्रतिशत र ८७.५ प्रतिशत रहने अनुमान छ। निजी क्षेत्रको उपभोग आर्थिक वर्ष २०६३/६४ मा २.० प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६४/६५ मा २.५ प्रतिशतले बढ्ने अनुमान छ। सरकारी क्षेत्रको उपभोग गत वर्ष ७.० प्रतिशतले बढेकोमा यस वर्ष ४.५ प्रतिशतले बढ्ने अनुमान छ।



१.२९ गत वर्ष प्रचलित मूल्यमा कुल राष्ट्रिय खर्चयोग्य आयको वृद्धिदर १०.० प्रतिशत रही रु. ८ खरब ६३ अरब ५१ करोड पुगेकोमा यो वर्ष उक्त वृद्धिदर १४.६ प्रतिशत रही रु. ९ खरब ८९ अरब ३८ करोड पुग्ने अनुमान छ।

१.३० आर्थिक वर्ष २०६४/६५ मा स्थिर मूल्यमा कुल गार्हस्थ्य बचत २६.३ प्रतिशतले बढ्न गई रु.५७ अरब २३ करोड पुग्ने अनुमान छ। आर्थिक वर्ष २०६३/६४ मा कुल गार्हस्थ्य बचत ९.१ प्रतिशतले वृद्धि भई रु. ४५ अरब ३० करोड पुगेको पथयो। कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात आर्थिक वर्ष २०६३/६४ मा ८.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा १०.३ प्रतिशत रहने अनुमान छ। यसरी चालू आर्थिक वर्षमा कुल गार्हस्थ्य बचतको वृद्धि सकारात्मक रहेको छ।

१.३१ स्थिर मूल्यमा कुल स्थिर पुँजी निर्माण आर्थिक वर्ष २०६४/६५ मा ६.० प्रतिशतले बढ्न गई रु. १ खरब ९ अरब ७५ करोड पुग्ने अनुमान छ। गत वर्ष कुल स्थिर पुँजी निर्माण २.० प्रतिशतले बढी रु. १ खरब ३ अरब ५१ करोड रहेको थियो। उत्पादकको मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग कुल स्थिर पुँजी निर्माणको अनुपात गत आर्थिक वर्षमा १९.५ प्रतिशत रहेकोमा यस वर्षमा १९.७ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्रको स्थिर पुँजी निर्माणको अनुपात गत आर्थिक वर्षमा २.७ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षमा २.९ प्रतिशत रहेको छ भने निजी क्षेत्रतर्फको यस्तो अनुपात गत वर्षको १६.७५ प्रतिशतको तुलनामा यस वर्ष १६.८२ प्रतिशत पुगेको छ।

१.३२ राष्ट्रिय लेखाको तथ्याङ्कअनुसार स्थिर मूल्यमा आर्थिक वर्ष २०६४/६५ मा वस्तु तथा सेवाको आयात १०.६ प्रतिशतले वृद्धि भएको अनुमान छ। आर्थिक वर्ष २०६३/६४ मा वस्तु तथा सेवाको आयात ५.४ प्रतिशतले बढेको थियो। बस्तु तथा सेवाको निर्यात भने ४.० प्रतिशतले घट्ने अनुमान छ। आर्थिक वर्ष २०६३/६४ मा सो निर्यात १.८ प्रतिशतले बढेको थियो। आयातमा उच्च वृद्धि र निर्यातमा ह्रासका कारण वस्तु तथा सेवा निर्यातको खुद घाटा २४.७ प्रतिशतले बढी रु. १ खरब २ अरब ८७ करोड पुग्ने अनुमान छ। गत वर्ष यस्तो घाटा रु. ८२ अरब ५२ करोड रहेको थियो। आर्थिक वर्ष २०६३/६४ मा उत्पादकको मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग वस्तु तथा सेवा निर्यातको अनुपात १५.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा १४.४ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनसँग आयातको अनुपात आर्थिक वर्ष २०६३/६४ मा ३०.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ३३.८ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनसँग वस्तु तथा सेवाको खुद निर्यातको अनुपात गत वर्ष -१५.५ प्रतिशत रहेकोमा चालू वर्ष -१९.४ प्रतिशत रहने अनुमान छ। सोहीअनुसार आर्थिक वर्ष २०६३/६४ मा निर्यात/आयात अनुपात ४९.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ४२.७ प्रतिशत रहने अनुमान छ।

**चुनौतीहरू**

१.३३ पाँच दशक लामो योजनावद्ध विकास प्रयासका बाबजुद नेपालको आर्थिक वृद्धिदर उच्च रहन सकेन। आठौं र नवौं योजना अवधिमा औसत वार्षिक ५.० प्रतिशतको आर्थिक वृद्धिदर हाँसिल भएतापनि दशौं योजना अवधि (२०५९/६०-२०६३/६४) मा आर्थिक वृद्धिदर ३.४ प्रतिशत मात्र हासिल हुन सक्यो। योजना अवधिका लागि प्रक्षेपित उच्चतम

औसत वार्षिक वृद्धिदर ६.२ प्रतिशत र न्यूनतम औसत वार्षिक वृद्धिदर ४.३ प्रतिशत मध्ये प्रक्षेपित न्यूनतम भन्दापनि कम आर्थिक वृद्धिदर रहन गयो। राजनीतिक अस्थिरता र सशस्त्र द्वन्द्वले नेपालको विकास प्रयास अवरुद्ध हुनुका साथै आन्तरिक र वाह्य लगानीको वातावरण समेत विग्रिन पुग्यो। छिमेकी मुलुकहरु चीन र भारतले विगत केही वर्षमा ठूलो मात्रामा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरे भने अस्थिरता र अनिश्चिततताका कारण नेपाललाई विदेशी लगानीकर्ताहरुले आफ्नो लगानीको गन्तव्य बनाउन चाहेनन्। आन्तरिकरुपमा पनि न्यून बचत परिचालनका कारण कुल गार्हस्थ्य बचत र कुल लगानी बीचको अन्तर चालू आर्थिक वर्षमा -२०.५ प्रतिशत पुग्न गएकोले दिगोरुपमा लगानी अभिवृद्धिको लागि आन्तरिक बचतको परिचालन बढाउनु पर्ने आवश्यकता रहेको छ। आन्तरिक समस्याका बाबजुद विश्वव्यापीकरणको मूल प्रवाहबाट नेपाल पृथक रहन नसक्ने आजको यथार्थ हो। विश्वव्यापीकरणको लाभ पुँजी, प्रविधि र सीपको आप्रवाहबाट मात्रै हासिल गर्न सकिने र यसका लागि राजनीतिक क्रान्ति पछि सबैले चाहेको विकासको गतिलाई द्रुततर ढङ्गले अगाडि बढाउन लगानी-मैत्री वातारणको सृजना गर्नुको विकल्प नेपालसँग छैन। कानुनी शासन, छरितो सेवा प्रवाह र पारदर्शी एवम् प्रभावकारी प्रशासनिक संयन्त्रका माध्यमबाट संस्थागत विकासलाई सुदृढ पार्दै ठूलो मात्रामा आन्तरिक र वाह्य लगानी परिचालन गर्न सक्नु आजको मुख्य चुनौती हो।

१.३४ विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिका कारण गरिबी निवारणमा टेवा पुगेको भएतापनि आय असमानतामा देखिएको विस्तारले साधन र स्रोतको न्यायोचित र समतामूलक वितरणमा जोड दिनुपर्ने टड्कारो आवश्यकता खड्किएको छ। आय असमानतामा हुने वृद्धिले उपलब्ध स्रोत र साधनमा निमुखा र सर्वसाधारणको पहुँच घट्दै गइरहेको मात्र संकेत नगरी धनी र गरिब बीचको बढ्दो विभेदले एक वा अर्कोरुपमा द्वन्द्वलाई निम्त्याउने खतरा रहिरहने हुन्छ। हालसम्म पनि विश्वका कतिपय मुलुकहरुमा निरन्तर जारी स्रोत/साधनको पहुँचका लागि हुने संघर्षले साधनको असमान बाँडफाँड र उच्च आय असमानता भएका मुलुकहरु द्वन्द्वको दुष्चक्रमा फँसिरहने वास्तविकतालाई छर्लङ्गयाएको छ। भूमिको असमान वितरण, बढ्दो शहरीकरण, सूचना प्रविधिमा ग्रामीण र अर्द्ध-शहरी क्षेत्रको तुलनात्मकरुपमा न्यून पहुँच, सीमित वित्तीय समावेशीकरण, उच्च मूल्यका शहरी घरजग्गा र वित्तीय सम्पत्तिहरुमा शहरिया र धनाढ्यहरुको ठूलो पहुँच, ग्रामीण र शहरी क्षेत्रको शैक्षिक गुणस्तरमा बढ्दो अन्तर तथा जसरी भएपनि धेरै सम्पत्ति आर्जन गर्ने होडबाजी जस्ता कारणले आय असमानता बढाउँदै लगेको छ। यस तथ्यलाई ध्यानमा राखी साधन र स्रोतमा ग्रामीण र विपन्न वर्गको पहुँच विस्तार गर्ने तथा वित्तीय एवम् गैर-वित्तीय सम्पत्तिमा प्रभावकारी ढङ्गले प्रगतिशील कर लगाउने संयन्त्र निर्माण गर्न नसकिएमा आय असमानता झन् झन् बढ्दै जाने जोखिम देखिन्छ।

१.३५ उच्च आर्थिक वृद्धिदर आर्थिक विकासको अनिवार्य शर्त हो। उच्च आर्थिक वृद्धिदर हाँसिल गर्न जलविद्युत्, पर्यटन, कृषि प्रशोधन उद्योग, जडीबुटी उद्योग, शिक्षा र स्वास्थ्य जस्ता उपलब्ध विशिष्ट प्राकृतिक अवस्थितिका कारण तुलनात्मक लाभहुने सम्भावना देखिएका क्षेत्रहरुमा ठूलो मात्रामा आन्तरिक र वाह्य लगानी परिचालन गर्न सक्नु पर्दछ। यी उद्योगमा हुने लगानीबाट बेरोजगारी र गरिबी निवारणमा ठोस योगदान पुऱ्याउँदै गरिबी, अभाव र द्वन्द्वको दुस्चक्रमा फसेको जनसंख्याको ठूलो हिस्सालाई पूर्वाधार

निर्माणमा सहभागी गराउँदै शिक्षा र स्वास्थ्यको अवसर समेत उपलब्ध गराई दिगो आर्थिक विकासको मार्ग प्रशस्त गर्न सक्नु आजको अर्को चुनौती हो ।

१.३६ कृषि क्षेत्र नेपालको तुलनात्मक लाभको क्षेत्र हो भन्ने कुरा निर्विवाद छ । अहिले पनि कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले एक तिहाई योगदान गरिरहेको छ भने जीवनयापन, आयआर्जन र रोजगारीका लागि जनसंख्याको ठूलो हिस्सा यसै क्षेत्रमा आश्रित छ । नेपालको ८० प्रतिशत भन्दा बढी जनसंख्या ग्रामीण भेगमा बसोवास गर्नु र सो जनसंख्याको आय आर्जनको मुख्य स्रोत नै कृषि क्षेत्र रहेकोले समेत देशको आर्थिक रुपान्तरणको क्रममा कृषि क्षेत्रको विशिष्ट स्थान र भूमिका रहेको निर्विवाद छ । यस वाहेक हाल विश्वव्यापीरुपमा उत्पन्न खाद्य संकटले पनि कृषि क्षेत्रको आधुनिकीकरण गर्दै यस क्षेत्रमा आत्मनिर्भर बन्नु पर्ने सन्देश दिएको छ । तथापि कृषि क्षेत्रका लागि आवश्यक पूर्वाधार जस्तै सिँचाइ, प्राङ्गारिक मल, भण्डारण, बीउ बिजन र कृषि यातायातको समुचित प्रबन्ध हुन सकेको छैन । एकातर्फ व्यावसायिक र प्राविधिकरुपमा कृषि क्षेत्रलाई आवश्यक पर्ने जनशक्ति निर्माण गर्ने कार्य अपेक्षितरुपमा अगाडि बढ्न सकेको छैन भने अर्कोतर्फ सम्बन्धित क्षेत्रमा योग्यता हासिल गरेका जनशक्तिको समेत उपयोग हुन नसकेको विद्यमान यथार्थ हो । यसर्थ हाम्रो जस्तो कृषिप्रधान मुलुकका लागि कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्दै जानुपर्ने छ ।

१.३७ देश संघीय गणतन्त्रमा प्रवेश गरिसकेको छ । उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्दै आर्थिक विकासको मार्ग प्रसस्त गर्ने मात्र नभई जनताका चुलिंदै गएका आकांक्षालाई परिपूर्ति गर्ने गरी आर्थिक क्रियाकलाप विस्तार गर्न तात्कालिक र दीर्घकालिक कदमहरु चाल्नु अपरिहार्य भएको छ । एकातिर जातीय, लैङ्गिक, भाषिक, संघीय तथा क्षेत्रीय समावेशीकरणलाई विकासको प्रक्रिया र अवसरको महत्वपूर्ण हिस्साको रुपमा प्रवर्द्धन गर्नुपर्ने भएको छ भने अर्कोतिर विभिन्न समूह र क्षेत्रबाट उठान हुन सक्ने मुद्दाहरुमा सन्तुलन कायम गर्दै प्रशासन संयन्त्र लगायत राज्यका सबै तहमा गुणस्तरीय जनशक्तिको सहभागितालाई पनि महत्व दिनुपर्ने आवश्यकता छ । कुनै खास वर्ग र क्षेत्रबाट मात्र उठान भएका मुद्दाहरुमा राज्य संयन्त्र केन्द्रित हुनुपर्ने अवस्था सृजना भएमा यसबाट गुणस्तरीय सेवाको विकास र प्रभावमा व्यवधान उत्पन्न हुन सक्ने जोखिम रहने मात्र नभई समग्र अर्थतन्त्रमा लगानीयोग्य वातावरणको विकासमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने हुन्छ । उच्च आर्थिक वृद्धि र दिगो आर्थिक विकासका लागि सबै वर्ग र क्षेत्रको समान सहभागिता र राज्य संयन्त्रमा हुनुपर्ने गुणस्तरीयताका बीचमा समुचित सन्तुलन कायम गर्नुपर्ने चुनौती थपिएको छ ।

१.३८ आ-आफ्ना सबै खाले मागहरु पूरा गराउन सडकको प्रयोग गरी दवाव दिने प्रवृत्तिले गर्दा आवागमन तथा ढुवानी कार्यमा प्रतिकूल प्रभाव पर्न गई अर्थतन्त्रको लागत बढ्न जाने, प्रतिष्पर्धात्मक क्षमता घटने तथा आर्थिक गतिविधिमा नै सुस्तता आउने देखिएको छ । साथै, औद्योगिक श्रम सम्वन्धमा समुचित सुधार आउन नसकेकोले औद्योगिक र व्यापारिक क्षेत्रको वृद्धिदर कुण्ठित हुन पुगेको सन्दर्भमा यस स्थितिको सुधारको लागि उच्च राष्ट्रिय प्राथमिकता सहित समुचित कदमहरु चाल्नुपर्ने आवश्यकता छ ।